स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'ड्रिम्स'बाट अभिनेत्री साम्राज्ञी आरएल शाहको 'ड्रिम' डेब्यु भयो । अनमोल केसीजस्ता 'सुपरस्टार' हुँदा पनि उनले आफूलाई छायाँमा पर्न दिइनन् । अभिनयको प्रशंसा र फिल्मको सफलताले उनको करिअर चम्कियो । र, दोस्रो फिल्म 'ए मेरो हजुर २' पनि हिट हुँदा धेरैले उनलाई अबको 'नम्बर वान नायिका' को रुपमा हेर्न थालेका थिए । तर, त्यसपछि उनको करिअर सोचेजस्तो भएन ।

आजको विचार...



माध्यामिक...
(दुई पेजमा)

सन्तोष खनाल



सुपरस्टार दयाहाङ राईले अचेल आदिवासी जनजाती समुदायको कथामा बनेका फिल्महरु बढी गरिरहेका छन् । चाहे त्यो 'कबड्डी'होस् या 'जारी', 'गाउँ आएको बाटो' वा 'दयारानी' नै किन नहोस् । कहिले लिम्बू त कहिले थकाली चरित्रमा देखिरहेका हुन्छन् । यो समुदायको कथामा उनी करिब निर्विकल्प रोजाई बनेका छन् । एकपटक फेरि उनी फिल्म 'घरज्वाइँ'मा मगर चरित्रमा देखिँदैछन् । केही दृश्य र संवादले गर्दा धेरैले फिल्मलाई 'जारी'सँग दाँजेका छन् ।

❐ वर्ष २९ ❐ अंक ३३२ ❐ २०८१ असार १७ गते सोमबार 1 July 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# हराउँदै रोपाइँको मौलिकता, गुञ्जिनै छाडे 'असारे भाका'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १६/***छुपुमा छुपु हिलोमा धान रोपेरै छाडौंला***
***बनाई कुलो लगाई पानी आएर गोडौंला ।।***

यी र यस्तै गीत असार/साउनमा खेतमा घन्किने गर्थे । रोपाइँका बेला खेतका गह्रामा रोपाहारका मुखबाट सुनिने यस्ता गीतका भाका हिजो आज भने विरलै सुनिन्छन् । यति बेला पाल्पा र गुल्मीका केही फाँटहरुमा धान रोपाइँ भइरहेको छ तर असारमा गाईने ति मौलिक पुराना भाकाहरु भने खासै सुनिएनन् । असार १५ का दिन राष्ट्रिय धान दिवस मनाउन



नेतादेखि कर्मचारीसम्म किसानसँगै खेतमा पुगे ।

सरकारी तथा गैरसरकारी संघ संस्थाले पनि रमाइलोका लागि खेतमा पुगेर रोपाइँ गरे । तर ति पुराना मौलिकतालाई भने उनीहरुले विर्सेको देखियो । पहिले पहिले धान रोप्दा गाइने असारे गीत रोपाइँमा दिनभर थाकेको बाउसे र रोपाराहरू एक-अर्कामा हिलो छ्यापछ्याप गरी गीत गाउँदै दुःख कष्ट र थकाइ बिर्सने गर्दथे । खेतका गह्रा, खोलानाला र खहरेबाट झरेको पानीको छङछङ आवाजसँगै असारे भाका गाउँदा सुन्नेहरू पनि लठ्ठ पर्ने गर्दथे । तर, ती दिनहरू अब इतिहास नै बनेको पुराना बूढापाकाहरु बताउँछन् ।

पहिला असारे गीत असार सुरु हुनेबित्तिकै सुनिथ्यो, तर अहिले मध्य असार लागिसक्दा पनि असारे गीत नसुनिएको पाल्पाको पूर्वखोला गाउँपालिका विरकोटका मानबहादुर सारु बताउँछन् । मानो खाएर मुरी उब्जाउने असार महिनामा पहिले जस्तो उल्लास आजकल पाइन छाडेको उनको भनाई छ । आजभोलि मेला हिँड्ने परम्परा कम भएको र असारे गीत गाउन छाडेकाले भाकासमेत लोप भएको सारुले बताए । गाउँले झ्याउरे भाकामा असारे गीत गुन्गुनाउँदै किसानले हिलोमा काम गरिरहेको दृश्यले जो कोहीलाई पनि लोभ्याउने गर्दछ । 'मज्जाले हिलोमा छुपुछुपु खेल्दै र धान रोप्दै अनि दही चिउरा खाँदै हामी असार पन्मा रमाइलो गथ्यौं' माथागढी चिदीपानीकी निर्मला न्यौपाने भनिन् । उनले पुराना दिनहरु सम्झदै भनिन् 'खेतको आलीमा सबैजना बस्थ्यौं, घरबाट ल्याइएको दही र चिउरालाई नाग नागिनी र देवतालाई चढाएर खाने गरिन्थ्यो तर हिजो आज यो चलन हराउँदै गएको छ ।' मौलिक पाका र चलनलाई अहिले जोगाई राख्न प्रयास थालेको न्यौपानेको भनाई छ । 'धान रोपेर थकित भएपछि खेतको डिलमा बसी आलुको अचारसँगै दही चिउरा खाएर लय हालेर असारे गीत गाउँदाको रौनक कम्ती रमाइलो हुदैनथ्यो' चिदीपानीकै तुलसा न्यौपानेले भनिन् । अहिले ति हराउँदै जाँदा चिन्ता लागेको उनले बताईन् । उनीहरुले भने जस्तै पछिल्लो समयमा असारे भाका लोप हुँदै गएका छन् । उहिलेका असारे भाका कमैले मात्र गाउँछन् । पहिलेपहिले रोपाइँ हुने घरमा अघिल्लो दिनदेखि नै बाजागाजाको जोडजाम हुन्थ्यो ।

रोपाइँमा गाइने असारे भाकाको बेग्लै मिठास गुञ्जिन्थ्यो । तर समयक्रमसँगै रोपाइँ गीत हराएका छन् । रोपाहारका रूपमा लहरै खेत रोपिरहेका महिला, खेत जोत्ने हली, बाउसे र आली ताछ्ने युवाहरू सबै मिलेर असारे भाका गाउने चलन थियो । गीत गाउँदै, एकअर्कामा हिलो छ्याप्दै जुहारी खेल्दै गरिएको रोपाइँ निकै रमाइलो हुन्थ्यो । तर हिजो आज आधुनिकतासँगै असारे मौलिक गीतका ति भाकाहरु विस्तारै हराउँदै गएका छन् । असारे भाकासँगै अर्मपर्म गरी रोपाइँ गर्ने चलन समेत गाउँघरमा विस्तारै हराउँदै छ ।

## संक्षिप्त समाचार

### वर्षाका कारण छ जनाको मृत्यु

**(रासस/सिन्हुवा)**

**इस्लामाबाद,** असार १६ /पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा विगत पाँच दिनदेखि परेको वर्षासँग सम्बन्धित घटनाहरूमा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य २५ जना घाइते भएको बलुचिस्तानको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) का अधिकारीहरूले आइतबार बताएका छन् ।

हालैको भारी वर्षाले प्रदेशका विभिन्न जिल्लामा पहिरो खसेको, प्रमुख राजमार्ग अवरुद्ध गरेको र धेरै सवारीसाधन अलपत्र परेका छन् । अलपत्र यात्रुको उद्धार र राहत कार्यका लागि विशेष टोली पठाइएको पिडिएमएले जनाएको छ । पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार देशमा आगामी दिनमा थप वर्षा हुने सम्भावना रहेकाले नागरिकहरूलाई सावधानी अपनाउन सल्लाह दिइएको छ ।

## प्रतिनिधिसभाबाट तीन विधेयक पारित


**पाल्पा,** असार १६/प्रतिनिधिसभाबाट तीन विधेयक पारित भएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकले आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र भन्सार महसुल विधेयक पारित गरेको हो ।

सभाको आइतबारको बैठकमा अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको प्रतिनिधिसभाबाट आर्थिक विधेयक, २०८१ बहुमतले पारित भएको छ । उक्त विधेयकमाथिको छलफलमा प्रमुख प्रतिपक्षी दल कांग्रेसले आफ्ना चार सांसदले आर्थिक विधेयक, २०८१ माथि राखेका संशोधन संसद् सचिवालयले हराएको भन्दै आपत्ति जनाएको थियो । छलफलमा सांसदहरु प्रेम सुवाल, डा. प्रकाशशरण महत, दीलेन्द्रप्रसाद बडू र किरणकुमार साहले भाग लिएका । छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पुनले करका कानुनलाई वैज्ञानिक एवं लगानीमैत्री र पारदर्शी बनाउन आर्थिक विधेयकमा सामान्य हेरफेरको प्रस्ताव गरिएको बताए । त्यसअघि उक्त विधेयकमाथि सांसद सुवाल र महतले रखेको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो ।

यस्तै बैठकबाट भन्सार महसुल विधेयक, २०८१ पारित पनि पारित भएको छ । विधेयकमाथिको दफावार छलफलमा सांसद राजेन्द्रकुमार केसी र प्रेम सुवालले भाग लिएका थिए । बैठकले सांसद सुवालले राखेको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो । त्यसअघि अर्थमन्त्री पुनले उक्त विधेयकलाई सदनमा दफावार छलफल गरियोस् भनी राखेको प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो ।

प्रतिनिधिसभाले राष्ट्र ऋण उठाउने विधेयक, २०८१ पारित गरेको छ । बैठकमा अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको 'राष्ट्र ऋण उठाउने विधेयक, २०८१ लाई पारित गरियोस्' भन्ने प्रस्ताव बहुमतले पारित गरेको हो । प्रतिनिधिसभाको अर्को बैठक यही असार १७ गते बिहान ११ बजे बस्नेछ ।


## सन्तोष चलचित्र मन्दिरमा...



आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट चलचित्र **'कल्की २८९८ एडी'** ।
स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**
***कल्की :*** *पहिलो शो : ११:३० बजे*
*दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ नं. : ९८४७३९८५५५*


## संरक्षणको पर्खाइमा मायादेवी सुत्केरीपथ

**रामविकास चौधरी/रासस**

**लुम्बिनी (मर्चवार),** असार १६/ बुद्धको जन्मसँग जोडिएको मायादेवी सुत्केरीपथ (लुम्बिनी-तिलौराकोट) मार्ग प्रचारप्रसार, संरक्षण र प्रवर्द्धनको पर्खाइमा रहेको छ । मायादेवी सुत्केरी भएपछि शिशुसहित घर फर्किएको उक्त मार्गको प्रचारप्रसार र संरक्षण नहुँदा ओझेलमा परेको हो ।

लुम्बिनीको पडरिया गाउँस्थित प्रवेशद्वारभित्र सर्वसाधारणलाई प्रवेशमा रोक लगाएपछि मायादेवी सुत्केरीपथ हुँदै मायादेवी मन्दिरसम्म जाने यात्रुको बाटो बन्द भएको छ । मायादेवी मन्दिरबाट पडरिया, खुनगाई, मनौरी, सिबलवा, बिजुवा, सिसहनिया, दोहनी, निगलिहवा हुँदै तिलौराकोट दरबारसम्मको करिब ३६ किलोमिटर खण्डलाई मायादेवी सुत्केरीपथ भनिन्छ । लुम्बिनी विकास कोषले उक्त पथ लुम्बिनी गुरुयोजना



विपरीत रहेको भन्दै आवागमन रोक लगाएको हो । पर्यटक तथा सर्वसाधारणलाई प्रवेशमा रोक लगाइएपछि धार्मिक आस्थाका यात्रुमा निराशा उत्पन्न भएको छ । बुद्ध वचनको प्रचारप्रसार संसारभरि भइरहँदा उनको जन्मसँग जोडिएको मायादेवी सुत्केरीपथ (लुम्बिनी-तिलौराकोट) को प्रचारप्रसार र प्रवर्द्धनमा सरोकार भएकाको ध्यान नपुगेको लुम्बिनी सांस्कृतिक नगरपालिका-६ का अभियानकर्ता मेघनाथ आचार्यले गुनासो गरे । 'विसं २०७७ मङ्सिरमा उक्त मार्ग पछ्याउँदै युनेस्कोका प्रतिनिधि क्रिस्चियन म्यानहर्ट र परामर्शदाता थोमस स्क्रोमले साइकल यात्रामार्फत बुद्ध जन्मस्थल लुम्बिनीबाट गोरेटो, ग्राभेल र कालोपत्र सडक हुँदै चार घण्टामा शाक्य वंशीय राजधानी तिलौराकोट पुगेका थिए', उनले भने ।

लुम्बिनी विकास कोषका तत्कालीन सद्भावना राजदूत एवं पर्यटनविद् विक्रम पाँडेकाजीले उक्त मार्गलाई 'पर्यटन प्रोडक्ट' बनाउने अवधारणा ल्याएका थिए । 'बुद्ध गर्भस्थ रहँदा र उनको जन्मपछि शिशुसहित माता मायादेवी यही बाटो हुँदै यात्रा गरेकाले धार्मिक इतिहाससँग यो पथको गहिरो सम्बन्ध छ', मायादेवी मन्दिरका यसअघिका पुजारी पण्डित योगेन्द्रनाथ पाण्डेले भने, 'यो पथले मायादेवीको 'सुत्केरी यात्रा' सम्झना दिलाउँछ ।'

**बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विपत्मा सावधानी आवश्यक

मनसुन प्रारम्भ भएको छ । बंगालको खाडी तथा पश्चिमी वायु सक्रिय भएपछि नेपालमा मनसुन शुरु भएको हो । एक हप्ताअघि पूर्वी नेपालबाट प्रवेश गरेको मनसुन अहिले देशभर सक्रिय भएर फैलिएको छ । मनसुनको प्रारम्भमै बाढी, पहिरो, चट्याङलगायतका विपत्मा परेर जनधनको क्षति भएका घटना सार्वजनिक भएका छन् । शनिबार मात्र गुल्मी, स्याङ्जार बागलुङ्मा पहिरोमा परेर ९ जनाले अकालमै ज्यान गुमाए । मानिसको ज्यान मात्र गएको छैन् घर, गोठर पशुचौपयामा समेत ठूलो क्षति भएको छ ।

वर्खाकै सुरुमा यति ठूलो क्षति हुनु अत्यन्त दुखको कुरा हो । मौसम विद्हरुले अघिल्ला वर्षभन्दा यो पटक अझ बढी वर्षा हुने पूर्वानुमान गरेकाले अझै बढ्ने अनुमान गर्न सकिन्छ । वर्षाका कारण हुन सक्ने क्षतिलाई कम गर्न मानिस आफैले सर्तकता अपनाउन आवश्यक छ । हुन त आकास्मिक रुपमा हुने प्राकृतिक विपत्तिलाई टारौँ भनेर टार्न सकिँदैन तर बेलैमा सावधानी अपनाइयो भने क्षति न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । विपत् जुनसुकै बेला पनि आउनसक्छ । मौसमजन्य विपत्बाट जोगिन जोखिम क्षेत्र घोषणा गरिएका स्थानमा बसोबास गर्दै आएका स्वंयमले पनि सावधानी अपनाउन आवश्यक छ । सरकारले मनसुनजन्य प्रकोपबाट बच्नका लागि तत्काल पूर्व तयारी गर्नुको साथै गाउँ–गाउँमा सचेतना पुऱ्याउन आवश्यक छ । यस्तो बेला जनतामा पनि 'ए के हुन्छर' ! भन्ने मनोवृत्तिले काम गरेको देखिन्छ । यस्ता खाले प्रकृतिजन्य प्रकोपबाट बच्नका लागि सरकारसँगै आम जनता समेत सचेत भएर अघि बढ्नु पर्ने देखिन्छ । जनताले सरकारको मात्र भर परेर हुँदै । स्वंयम आफै पनि प्राकृतिक विपद्बाट हुन सक्ने क्षतिबाट सजग हुन आवश्यक छ । यसो भयो भने मात्र प्रकृतिजन्य विपद्बाट हुने क्षतिबाट जोगिन सकिन्छ ।

### Opinion @ Social Network

जिन्दगीसँग अब कुनै माग छैन,
बस लक्ष्यमा सारेको पाइला गन्तव्यस सम्म पुगोस ।

*(सम्झना परियारको फेसबुक स्टाटस https://www.facebook.com/Samjhana.pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# माध्यामिक शिक्षा परीक्षा (एसईई) को कसिमा शैक्षिक गुणस्तर



जब-जब माध्यामिक शिक्षा परीक्षाको नतिजा प्रकाशित हुन्छ देशमा केहि दिन शैक्षिक सुधारको बहस सुरु हुन्छ । केही थान शिक्षा विद्को पगरी गुथेर सञ्चार माध्यमा विचार पोख्छन्, गन्थन गर्छन्, बौद्धिकता छाट्छन् अनि हप्ता दिन नपुग्दै ओझेल पर्छन् । शैक्षिक बहस मौसमी बहसमा सिमित हुन्छ । पगरी गुथेकाहरुले के बुझ्न जरुरी छ भने कक्षा १० को नतिजा विश्लेषणले मात्र समग्र शैक्षिक सुधारको बहस सार्थक हुँदैन । माध्यामिक शिक्षा परीक्षाको नतिजा पछि विद्यार्थीले कक्षा ११र कक्षा १२ पढ्न बाँकी नै हुन्छ । उच्च शिक्षा बाँकी नै हुन्छ । अझ निजी शैक्षिक व्यापारीहरु कक्षा १० को नतिजामा उच्च अंक ल्याउने विद्यार्थीहरुको फोटोलाई विज्ञापन गर्ने, उत्कृष्ट विद्यालयको रुपमा प्रचार गरेर नाफा कमाउने अभियानम लागि पर्छन् । गुणस्तरीय शिक्षाको पर्याय कक्षा १० को नतिजा हो भन्ने भाष्य सिर्जना गरी अभिभावकहरुलाई अन्योल सिजना गर्न सफल हुन्छन् । गुणस्तरीय शिक्षा हरेक शैक्षिक बहसको प्रमुख विषय वस्तु बन्ने गरेको पाइन्छ तर मौसमी रुपमा मात्र । दलका घोषणा पत्रहरुमा पनि गुणस्तरीय शिक्षाका नारा, सार्वजनिक शिक्षामा सुधार, सर्वसुलभ शिक्षा जस्ता विषय वस्तु नारामा मात्रै देख्न पाइन्छ । विडम्बना ठोस योजना र कार्यनिती देख्न पाइँदैन ।

२०७१ सालमा प्रतिशत प्रणाली, २०७४ बाट अक्षाराकंन पद्धति (सबैपास) २०८० मा अक्षराकंन पद्धतीमा पुन: फेल गर्ने जस्ता निति प्रयोग गरेर एसईई परीक्षालाई प्रयोगशाला बनाइएको छ । ५२ प्रतिशत भन्दा बढी विद्यार्थीलाई फेल गरेर कक्षा १० को परीक्षालाई हाउगुजी बनाइएको छ । मौका परीक्षामा दुई विषय अनुतिर्ण भएकाले पाउने नितिलाई नतिजा आएको २४ घण्टा वित्न नपाउँदै पुन सबैले परीक्षा दिन पाउने जस्ता निर्णय गर्नुले पनि सरकारी निकायहरु विद्यार्थीहरुप्रति कति संवेदनशिल छन् भन्ने कुरालाई प्रष्ट पार्छ । भावनाको भरमा, माफियाको डरमा , विदेशीको इशारमा बारम्बर अध्ययन विना गरिने नितिगत परिवर्तने हाम्रो समग्र शैक्षिक प्रणली नै ध्वस्त पारिएको छ । दुखद् त के छ भने नि:शुल्कर अनिवार्य सर्वसुलभ शिक्षाको भाषण गर्ने प्रगतिशीलदेखि प्रजातान्त्रिकर समाजवादी विचार बोक्नेहरु नै निजी विद्यालय सञ्चालक छन् । आधारभुत मानवीय गुण, ज्ञान, सीपर आचरण आर्जन गरी सभ्य शिष्ट, शालिन सुसंस्कृ, कर्तव्यनिष्ठ, कर्मशील, अनुशासित, आत्मनिर्भरर आर्दश नागरिक तयार गर्न सक्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । व्यवहारिक सिकाईमार्फत, मानवीय व्यवहारमा परिवर्तन ल्याउन सक्ने, पारिवारिकर सामाजिक समस्या हल गर्न सक्ने, समाजरराष्ट्रलाई योगदान दिन सक्ने नागरिक तयार पार्ने शिक्षा नै गुणस्तरीय हो । न की उच्च जि.पि.ए ल्याउने तर समाज, परिवार,राष्ट्र धर्म संस्कार संस्कृतिप्रति उदासीन विद्यार्थी तयार गर्ने अनि कथित अंग्रेजी भाषालाई मापदण्ड बनाई विदेश निर्यात गर्ने जनशक्ति तयार गरेर गुणस्तरीय शिक्षा प्रदान गरेका छौं भन्ने शैक्षिक माफियाहरुको सोच नै विडम्बना पूर्ण छ । परीक्षामा जसरी पनि उच्च अकं ल्यानुपर्ने भाष्य निर्माण गरी शिक्षालाई व्यापारीकरण गर्न खोज्नु, गुणस्तरीय शिक्षाको मापदण्ड बनाइनु नै गलत छ । यस पटको माध्यामिक शिक्षा परीक्षामा ५२.१४ प्रतिशत बढी विद्यार्थी फेल हुनु शिक्षामा गरिएको लगानी, पाठ्यक्रम आम अभिभावको अपेक्षाको पाटोबाट दु:खद् नतिजा हो ।राज्यले माध्यामिक तहको शिक्षमा लिएको नितिको असफलता हो । दल, शिक्षक, अभिभाकहरु, निति निर्माण गर्नेहरु चिन्तित हुनु पर्ने यो बेला केही व्यापारीहरु शिक्षालाई विभाजित गर्दै निजिको राम्रो, गुणस्तरीय छ सामुदायिक खत्तम भयो भन्ने रटान लगादै व्यापारीक भाषा बोलिरहेका छन् । आम रुपमा गुणस्तरीय शिक्षा भन्नाले उच्च अंक साथ परीक्षा पास गर्नु, विद्यार्थीलाई कक्षाकोठामा भित्रराखेर पाठ्यपुस्तकका विषय घोकाउनु,रटाउनुर विद्यार्थी धेरै पास गराएर अब्बल विद्यालयको संज्ञा दिदै विज्ञापन गर्नुर शिक्षाको व्यापारीकरण गर्नु मात्र होइन । देशका शिक्षा प्रणाली,यसको नतिजा न सामुदायिक हुन्छ न त निजी । पुरानो पाठ्यक्रम, परम्परागत शिक्षण सिकाइ, तीन घण्टे परीक्षा प्रणालीर उत्तर पुस्तिका परीक्षण प्रणालीलीमा व्यापक सुधार नगरीराम्रो नतिजाको अपेक्षा गर्नु युक्ति संगत हुँदैन । शिक्षकमा दण्ड पुरस्कारको व्यवस्था, विद्यार्थीहरुमा मिहिनेत गर्ने बानीको विकास, प्रभाकारी अनुगमन प्रणाली, विद्यार्थीहरुको रुचिर क्षमताअनुसारको शिक्षण प्रक्रिया, समाज, संस्कृति अनुरुपको पाठयक्रम आदितर्फ समयमै ध्यान दिन सकेनौं भने शिक्षा सुधार गफमा मात्र सिमित हुन्छ । अहिले अनुतिर्ण भएका सबै विद्यार्थीलाई यो भन्दा फरक नतिजा ल्याउन पक्कै सकिन्थो तर हामीले उनीहरुको क्षमतालाई चिन्न सकेनौं, इमान्दारी पूर्वक उनीहरुलाई पढाउन सकेनौ, जवाफदेहीतार उत्तरायित्वलाई अपनाउन सकेनौं भन्दा अफठ्यारो नमानौं । एक पटक घोत्लिऔ । चिन्तन गरौं । किनकी विद्यार्थीलाई कक्षमा पढाउने हामी शिक्षक नै हो । राज्य, सरकार ,दल, निति निमार्ण गर्नेहरु दोषी नै छन् । तर कक्षमा हामी शिक्षक नै हुन्छौ भन्ने विर्सन हुँदैन । अरु पक्ष खराब भए पनि हामी शिक्षक नै हौ । गुरु हौं ।

**अबको यात्रा**

विगत एक दशक यता शिक्षा क्षेत्रका बजेट भौतिक सुधारतर्फ मात्र ध्यान गएको मात्र देखिन्छ तर नियमित मुल्याकंन पद्धति, शिक्षकको पेशागत क्षमता सुधार, जस्ता कुरातर्फ ध्यान पुग्न सकेको छैन् । अब समयमै माध्यमिक शिक्षामा अहिलेको परिपाटीमा सुधार नगर्नेर गुणस्तर नबनाउने हो भने हाम्रा उत्पादनहरु बेरोजगारको भण्डारमा परिणत हुने छन् । जसले अभिभावक, शिक्षकर विद्यालयको लगानी खेर मात्र जाने हुन्छ । सामुदायिक विद्यालयहरुमा व्यवस्थापकिय नेतृत्व, शिक्षण सिकाइ क्रियाकलापमा सुधार , मूल्याकंन पद्धतिमा सुधार, प्रविधियुक्त शिक्षार समुदायको सभभागितामा वृद्धि गर्न सक्नु पर्छ । सामुदायिक विद्यालयहरुमा न्युन आर्थिक अवस्था भएका विद्यार्थीहरुको बाहुल्यता छ । यस्ता विद्यार्थीहरुको विषयमा स्थानीय सरकारको पहलमा विशेष सिकाइको अवसर उपलब्ध गराउन सक्नु पर्छ । अहिले सामुदायिक विद्यालयहरुमा भौतिक पक्षमा सुधार देखिएको सन्दर्भमा अब शिक्षण सुधारतर्फ ध्यान दिन जरुरी देखिएको छ । यसको लागिराज्य, शिक्षक, अभिभावकर विद्यालय प्रतिवद्ध हुन आवश्यक छ । अन्तत: शैक्षिक थलो भनिने पाल्पाको एसईईको नतिजा सुखद्रहेन । माध्यामिक शिक्षा स्थानीय सरकारको मातहतमा आएको सन्दर्भमा सम्रग पाल्पाको शिक्षाको बारेमा स्थनीय सरकारको उदासिनता बारे बहस आवश्यकरहेको छ ।

***(लेखक त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उपप्राध्यापक समेत हुन् ।)***

# जमिन बाँझै, फेसबुकमा रोपाइँ : कसरी टर्ला खाद्य शंकट ?



कृषि प्रधान देश नेपालमा बेसाहा नखेपी खान पुग्दैन अचेल । कारण, यस वर्षको असार १५ मा जमिनमा होइन फेसबुक लगायत सामाजिक सञ्जालमा रोपाइँ सकियो । साच्चै भन्नुपर्दा उत्सव मात्र भनेर पुग्दैन, महाउत्सव जसरी मनाइयो सरकारी, गैरसरकारी क्षेत्रबाट धान दिवस । फेसबुक प्रयोगकर्ताले मात्र होइन, तीन तहका सरकारले मनाएराष्ट्रिय धान दिवस । अलिकति बजेटलाई फरफारक गरे । सहरमा बसेकाले सामाजिक सञ्जालबाटै रोपाइँ कोरहर पुरा गरे । अरुको कुरा छाडौं, गाउँका घरमा ताला झुन्डाएर सहर पसेकाहरूले समेतरोपाइँ गरे । यता वास्तविक तथ्याङ्क भन्छ मुस्किलले ८ प्रतिशतरोपाइँ सकियो हालसम्म ।

गाउँबस्तीमा कृषियोग्य जमिन बाँझिने क्रम बढेको छ । गाउँबाट सुविधाको खोजीमा सहर पस्नेक्रम बढेको छ । पछिल्लो समयमा शिक्षा, स्वास्थ्य, खानेपानीको सुविधा गाउँमा विस्तार भए पनि गाउँका नागरिकले घर छाडेर सहर पसेका छन् । सहर पस्नुमा सुविधा मात्र होइन बाँदर,राते, मृग लगायतका जंगली जीव, जन्तुको सास्तीबाट मुक्ति अर्को कारण हो । जेनतेन खेती गर्नेलाई मलको अभावले पिरोलेको छ । अन्न, तरकारी, फलफूल उत्पादन गर्नेलाई उचित मोल अनि बजारको खाँचो छ । काम गर्ने किसान, मजदुर भन्दा विचौलिया हावी हुने वातावरण सिर्जना गरिएको छ । बाँदरर विचौलियाबाट पीडित किसानका गुनासा स्थानीय, प्रदेशर संघीय सरकारले सम्बोधन गर्न सकेका छैनन् । जमिन बाँझिने कारण यो पनि हो । माउ(नेपाल) सरकारले शिक्षितरोजगार उत्पादन गर्ने शैक्षिक नीतिमा सुधार आवश्यक ठानेको देखिएन । पञ्चायतले नैतिक शिक्षा पढाएर खेतबारी(स्वदेश ?) मारम्न लगाएजति पनि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सरकारले पहल गरेनन् । दुई लाइनको शिक्षाले पढेपछि कमाउन विदेश पस्नुपर्छ भन्ने सन्देश दिएको छ । १२ पास गरेपछि छोराछोरी नेपालमै बस्नेहरुको भन्दा विदेश पस्नेहरूको इज्जत बढे झै भएको छ सामाजिक परिवेश हेर्दा । पढेर हिलो कुच्नु हुन्न, गाई भैसी बाख्रा पाल्नु हुन्न भन्ने बुझाइ छ नेपाली समाजमा । अझ बढी नयाँ पुस्तामा । खै त नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्ने खालको शैक्षिक नीति ल्याउन सकेको ? कि आवश्यक नदेखेको ? तसर्थ पनि जमिन बाँझिने क्रम बढेको छ । बल्लतल्ल गाउँमा बसेकाहरूको `तबारीमा बाँदर, मृग,राते, दुम्सी लगायत जंगली जीवजन्तु, जनावरले उपद्रो गर्न थालेपछि खेती गर्नेहरू मध्ये कतिको च्याँठ मरेको छ । जसोतसो उब्जायो लगानी पनि उठ्दैन । विचौलियाले ५ रुपैयाँमा खरिदेको सामान उपभोक्ताको भान्सामा पुग्दा २० रुपैयाँ पर्दछ । बजारभाउ नियन्त्रण, नियमन झारा टार्नेगरी वर्षमा एकाध पटक हुन्छ । कृषिप्रधान देशमा छिमेकी भारत, चीनका कृषि उत्पादनले वजार ओगट्दा नेपाली किसानको मन रुन्छ । त्यो पीडा खै कुन सरकारले वा नेताले बुझ्छ ? सिचाइ, मल, उपयुक्त मूल्यर बजार सुनिश्तिता भएमा पक्कै नेपाली किसान जमिनतर्फ आकर्षित हुने थिए ? यो पनि कल्पना मै सीमित हुने भयो । चर्का भाषण गरेर, अनेकन दिवस मनाएर कृषि क्षेत्रको प्रगति हुने भए हामीले बेसाहा खानुपर्ने थिएन । ६५ वर्ष पहिले भारतलाई धान बिक्री गर्ने नेपालले अचेल मकै, कोदो, खुर्सानीलगायतका उपभोग्य जिनिससमेत विदेशबाट ल्याउँदा हामी लज्जित हुन सकेका छैनौँ । जमिन बाझैराखेर फेसबुकमा कृषि कर्म गर्ने, संस्कारर संस्कृतिसमेत सामाजिक सञ्जालका माध्यमबाट जोगाएको भनेर गर्व गर्ने हामी नेपाली कसरी आत्मनिर्भर बनौंला ? सोचौं, फेसुबक होइन खेतबारी खनौं, खेती गरौं । अन्यथा आसन्न खाद्य शंकटबाट कसरी जोगिने ? समय मै सचेत बनौं । ***-(स्वतन्त्र पत्रकार)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२१११९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । मानसिक चिन्ता बढ्नेछ । | **तुला** : रमणीय यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । |
| **वृष** : हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पनि पाइनेछ । | **वृश्चिक** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । राम्रै फड्को मार्न सकिनेछ । |
| **मिथुन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्य प्रतिकूल रहन सक्छ । | **धनु** : अवसरहरु गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । |
| **कर्कट** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **मकर** : आजको दिन मध्यम रहनेछ । अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । तपाईंका मेहनतको प्रशंसा गर्नेछन् । | **कुम्भ** : काम अघि बढ्नेछ । अधुरा कार्यहरू पुरा हुन नसकला । |
| **कन्या** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **मीन** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् । |



# सरकारी विद्यालय 'फेल' !




प्रकाशित एसईईको परीक्षाफलले केही सङ्केत गर्छ भने त्यो हो सरकारी विद्यालयको तालुक अड्डा शिक्षा मन्त्रालय पूरै 'फेल' भएको छ । राष्ट्रिय परीक्षा बोर्डले बिहीवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा 'एसईइ' २०८० को नतिजाअनुसार आधाभन्दा कम अर्थात् ४७.८६ प्रतिशत परीक्षार्थीमात्र 'उत्तीर्ण'भएका छन् । परीक्षाको मूल्याङ्कन विधिमा परिवर्तन गरेजस्तै पढाइको गुणस्तर सुधार गर्नमा ध्यान दिइएको भने कक्षा १० का आधाभन्दा बढी करिब ५२ प्रतिशत विद्यार्थी कक्षा ११ मा पढ्न 'अयोग्य' हुनेथिएनन् । विगत १० वर्षमा एकातिर विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याइयो भने मूल्याङ्कनको आधारमा कहिले अङ्क, अहिले अक्षर र यसपटक दुवैको प्रयोग गरियो । वास्तवमा विद्यालय शिक्षालाई १२ कक्षासम्म विस्तार गरिसकेपछि १० कक्षाको परीक्षा 'एसईइ'लाई यसरी हाउगुजी बनाउनुपर्ने थिएन । तर, परीक्षा सञ्चालनको तामझाम, खर्चपर्च र कमिसनको उठतीपुठतीले हो कि सरकारी अधिकारीहरूले भने एसईई परीक्षालाई 'फलामे ढोका' बनाइराखेकै छन् । यही चलखेलमा बिचरा विद्यार्थी र अभिभावकलाई रनभुल्लमा पारिएको हुन्छ । यस वर्षको नतिजाले पनि 'राजकीय समाजवादी'हरूको टाउको थप दुखाउने देखिन्छ । राज्यले जिम्मा लिएको सरकारी विद्यालयका तुलनामा 'शिक्षाको व्यापार' गर्ने निजी क्षेत्रबाट सञ्चालित विद्यालयको परीक्षाफल उत्कृष्ठ रहेकोछ । कक्षा ११ मा पढ्न अयोग्य ठानिएकामध्ये ८८ प्रतिशतभन्दा बढी विद्यार्थी सरकारी विद्यालयका रहेका छन् । विद्यार्थीलाई विनाअवरोध अगाडि बढ्ने गर्ने मौका दिनुभन्दा अयोग्य भनेर पन्छाउनु उपयुक्त ठान्ने अनुदार मानसिकता अहिलेको शिक्षा प्रणालीमा पनि कायमै रहेको देखियो । कक्षा १० मा राम्रो अङ्क ल्याउन नसक्ने विद्यार्थीले ११ वा १२ मा उत्कृष्ट नतिजा ल्याउन सक्छ । राम्ररी पढाउन सके कुनै विद्यार्थी पनि अनुत्तीर्ण हुँदैन । यस्तै, कक्षा १० को परीक्षालाई हाउगुजी बनाइरहँदा उनीहरूसँगै १० वर्षअगाडि कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये पछाडि नै छाडिएलाई पनि राज्यले नबिर्सोस् । कक्षा १२ सम्म पढ्न पाउने हक त संविधानले नै सुनिश्चित गरेको छ । सकेसम्म कुनै बालबालिका पछाडि नछुट्ने सरकारले सुनिश्चित् गरोस् । अगाडि पढ्न नसक्ने वा नचाहनेका लागि प्राविधिक/व्यावसायिक शिक्षाको अवसर सुलभ बनाउनुपर्छ । यसैले सरकारी विद्यालयको पठनपाठनमा सुधारमा सरकारले ध्यान केन्द्रित गरोस् । शिक्षा प्रणालीमा हचुवामा प्रयोग गरिरहँदा अहिलेकोजस्तो यता न उताको अवस्थामा पुगिँदो रहेछ । सँगै निजी क्षेत्रबाट सञ्चालित विद्यालयलाई पनि तिनले गरेको योगदानका लागि राज्यले प्रोत्साहन दिनुपर्छ । कारिन्दा र कार्यकर्ताको सङ्कीर्ण आँखाबाट शिक्षालाई हेर्न छाडौं । ***-बाह्रखरी डटकम***

# गणितले गुल्टायो एसईईका परीक्षार्थीलाई

राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा 'एसईइ' २०८० को नतिजामा ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यो नतिजाले एसईई फेरि फलामे ढोका त बन्न खोजिरहेको छैन भन्ने प्रश्नसमेत उब्जिएको छ । जीपीएमा नम्बर दिँदा अधिक भन्दा अधिक विद्यार्थी उत्तीर्ण हुने र यसले विद्यार्थीको वास्तविक परीक्षा नहुने मूल्यांकन गरिए पनि सो विपरीत यसपालि धेरै विद्यार्थी अनुत्तीर्ण भएसँगै फेरि प्रश्न उब्जिएको हो । परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले नतिजा सार्वजनिक गर्दै चार लाख ६४ हजार सात सय ८५ परीक्षार्थीले परीक्षा दिएको जानकारी दिँदै उतीर्ण भएकामध्ये एक सय ८६ जनाले ४ जीपीए ल्याएको बताए । परीक्षामा सहभागी भएकामध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भएका छन् । एक लाख १४ हजार ४८ छात्र र एक लाख २८ हजार दुई सय ५७ छात्रासहित कुल दुई लाख ४२ हजार तीन सय १३ परीक्षार्थीको 'एनजी'अर्थात् 'ननग्रडेड'आएको छ ।

**सबभन्दा बढी गणितमा अनुत्तीर्ण**

यस वर्षको एसईईमा सबैभन्दा बढी विद्यार्थीको गणितमा एनजी आएको छ । गणित विषयमा एक लाख ७७ हजार नौ सय ८५ विद्यार्थीको एनजी आएको छ । यस्तै विज्ञानमा एक लाख २६ हजार नौ सय ३३ तथा अङ्ग्रेजीमा एक लाख एक हजार तीन सय ८३ विद्यार्थीको एनजी आएको बोर्डका अध्यक्ष प्रा डा शर्माले बताए । सामाजिकमा ७३ हजार आठ सय ७७, नेपालीमा ६९ हजार पाँच सय ३२, अर्थशास्त्रमा ६९ हजार चार सय १६ तथा ऐच्छिक गणितमा २० हजार तीन सय ५२ विद्यार्थीको एनजी आएको छ । दुई विषयसम्म एनजी आउने विद्यार्थीको हकमा पुरक परीक्षा आगामी साउन १८ र १९ गतेलाई तोकिएको छ । साउनमा परीक्षा गरेर भदौमा नतिजा सार्वर्जनिक गर्ने र यसैवर्ष उनीहरुले कक्षा ११ मा भर्ना हुन पाउने गरी व्यवस्था गरिएको छ । पुरक परीक्षामा पनि उत्तीर्ण हुन नसक्ने विद्यार्थीको हकमा र दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले आउँदो नियमित परीक्षामा एनजी आएको विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । यस वर्षको एसईई नतिजामा गत वर्षभन्दा सुधार भएको अध्यक्ष प्रा डा शर्मा बताउँछन् । उनका अनुसार माथिल्लो जीपीए ल्याउनेको सङ्ख्या बढेसँगै नतिजा सुधार भएको हो । बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार यसवर्ष सबैभन्दा बढी अर्थात् ७८ हजार आठ सय ७४ विद्यार्थीले २ दशमलव ८० देखि ३ दशमलव २० जीपीए प्राप्त गरेका छन् । सबैभन्दा कम ६ विद्यार्थीले १ दशमलव ६० देखि २ दशमलव ० जीपीए ल्याएका छन् । त्यस्तै एक सय ८६ विद्यार्थीले ४ जीपीए, ३१ हजार २०९ जनाले ३ दशमलव ६० देखि ४ दशमलव ० जीपीए, ६८ हजार दुई सय ५६ जनाले ३ दशमलव २० देखि ३ दशमलव ६० जीपीए र ७८ हजार आठ सय ७४ जनाले २ दशमलव ८० देखि ३ दशमलव २० जीपीए, ४१ हजार एक सय ७७ जनाले २ दशमलव ४० देखि २ दशमलव ८० जीपीए र दुई हजार ९५० जनाले २ दशमलव ०० देखि २ दशमलव ४० जीपीए ल्याएका छन् ।

**यस्तो छ प्रदेशको नतिजा**

आज सार्वजनिक भएको नतिजा अनुसार यसवर्षको एसइई परीक्षामा सबैभन्दा बढी बागमती प्रदेशबाट ९९ हजार आठ सय ७२ विद्यार्थी सहभागी भएकामा ३३ हजार आठ सय ४३ जनाले ननग्रेड 'एनजी' पाएका छन् । त्यस्तै, लुम्बिनी प्रदेशबाट ८० हजार तीन सय २७ विद्यार्थी सहभागी भएकामा ४९ हजार दुई सय २४ जनाको ननग्रेड 'एनजी' आएको छ ।

मधेश प्रदेशमा ७९ हजार पाँच सय ९२ विद्यार्थी सहभागी भएकामा ४२ हजार दुई सय ८६ जनाले ननग्रेड ९एनजी० तथा कोशी प्रदेशमा ७५ हजार नौ सय ८८ जना सहभागी भएकामा ३९ हजार आठ सय ९५ जनाको ननग्रेड 'एनजी' आएको छ । गण्डकी प्रदेशमा ४० हजार पाँच सय २६ विद्यार्थी सहभागी भएकामा २० हजार दुई सय ७५ जनाको ननग्रेड 'एनजी' आएको छ भने कर्णाली प्रदेशबाट परीक्षामा ३५ हजार ३४ जना सहभागी भएकामा २० हजार तीन सय ८० जनाको ननग्रेड आएको छ । सुदूरपश्चिम प्रदेशमा भने ५३ हजार चार सय ४६ विद्यार्थी सहभागी भएकामा ३६ हजार चार सय १० जनाको ननग्रेड आएको छ । उनीहरुले पुरक परीक्षामा सहभागी हुनुपर्ने छ । प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुन: परीक्षणसमेत गराउन सक्ने व्यवस्था छ । पुनर्योगका लागि परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि कार्यालयको वेवसाइटमा गई पुनर्योग फाराम भरी आवेदन दिने व्यवस्था रहेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए ।

***-हाम्रा कुरा डटकम***

# भाइबहिनीहरू ! के पढ्ने, एसईईपछि ?



फलामे ढोकाको उपमा पाएको विद्यालय शिक्षाको उपल्लो खुड्किलो एसईई परीक्षाको नतिजा बिहीबार '१३ असारमा' प्रकाशित भयो । केही वर्षदेखि मूल्याङ्कनमा अक्षराङ्क पद्धति अवलम्बन भए पनि सहभागी सबै परीक्षार्थी उत्तीर्ण भएनन् । यसै वर्ष समेत लगभग ४८ प्रतिशत विद्यार्थीले मात्र माथिल्लो शैक्षिक तहमा अध्ययन गर्न पाउने गरी ग्रेड पाएको देखिन्छ । २००७ सालमा असामान्य राजनीतिक परिस्थितिका कारण दुई पटक एसएलसी भयो र सहभागी सबै परीक्षार्थी प्रथम श्रेणीमा पास भएको घोषणा गरियो भन्ने सुनिन्छ । त्यस वर्ष '२००७ साल' बाहेक हरेक वर्षको एसएलसी 'पछि एसईई' परीक्षामा धेरै विद्यार्थी असफल हुन्थे र हुन्छन् । यही असफलताको विरक्तिलाग्दो स्वरूपका कारण अङ्कको सट्टा अक्षराङ्क पद्धतिको अभ्यास गरियो । यद्यपि प्राप्त नतिजाले कुन विषय अध्ययन गर्न पाउने वा नपाउने वा के कस्तो अध्ययन गर्ने भन्नेजस्ता दुबिधामा भने अझै पनि आम विद्यार्थी रुमलिरहेका देखिन्छन् । एसईई पास भएका आम विद्यार्थीलाई बधाई तथा शुभकामना दिँदै गर्दा यो तितो तर सर्वज्ञात सत्यचाहिँ बिर्सनु हुँदैन । यसमा राम्रो ग्रेडसहित पास भएकै विद्यार्थी पनि उच्च शिक्षामा असफल हुने दर निकै उच्च छ । राष्ट्रिय परीक्षा बोर्डबाटै सञ्चालित कक्षा ११ र १२ को वार्षिक परीक्षामा झन्डै ६० प्रतिशत विद्यार्थी अनुत्तीर्ण हुन्छन् ।

समाज भने यो असफलताप्रति मौन छ । एसईईमा सफलता हात लागेको खुसीयालीमा हराउँदा त्यसपछिको उच्च शिक्षा कसरी सार्थक र सफल बनाउने भन्ने बहसमा भने हामी प्राय : अन्योलमा छौँ ।

**अगाडिको अन्योल**

एसईईपछि विषय वा सङ्काय छनोटमा प्राय: विद्यार्थी जति सचेत हुनुपर्ने हो, त्यति नभएको पाइन्छ । उच्च ग्रेड हासिल गरेका विद्यार्थी अझै पनि विज्ञान विषयकै अध्ययन निर्विकल्प भएको मानसिकतामा रहन्छन् । बाँकी अन्य सङ्काय अन्य श्रेणीका विद्यार्थीका लागि हो भन्ने अवैज्ञानिक अवधारणा पनि व्याप्त छ । २०५० सालको एसएलसी परीक्षामा सर्वोत्कृष्ट गरिमा राणा एक मात्र यस्तो अपवाद उदाहरण थिइन्, जसले विज्ञान नभई कानुन अध्ययन गरिन् । २०६६ का सर्वोत्कृष्ट विवेक अधिकारीले साहित्यमा रुचि भएको बताए पनि विज्ञान सङ्काय नै रोजे । उनकै शब्दमा एसएलसीमा राम्रो गर्नेले साइन्स पढ्नुपर्छ भन्ने मान्यता समाजमा जबरजस्त स्थापित छ । अहिलेका सर्वोत्कृष्ट भनिएकाहरूले पनि विभिन्न सञ्चारमाध्यमलाई विज्ञान नै अध्ययन गर्ने बताउँदै छन् । नाम चलेका कलेज पनि उच्च ग्रेड ल्याउने विद्यार्थीले विज्ञान नै पढ्नुपर्छ भन्ने वकालतको अग्रमोर्चामा देखिन्छन् । विश्वका कतिपय मानक क्षेत्रहरू 'जस्तै : अमेरिका, युरोप लगायत' मा उत्कृष्ट विद्यार्थीमध्येका ६० प्रतिशतभन्दा बढीले व्यवस्थापन, मानविकी वा दर्शन अध्ययन गरिरहेको देखिन्छ । अस्ट्रेलियामा फेसन डिजाइन, पर्यटन आदि विषय राम्रा विद्यार्थीको रोजाइमा पर्दै छ ।

हाम्रो राज्य जुन क्षेत्रमा आफैँ प्रगति गर्न सक्ने अवस्थामा छैन, त्यसैमा सफल र क्षमतावान् विद्यार्थीलाई मात्र लग्दै छ । प्रचुर सम्भावना भएका व्यापार, व्यवसाय, पर्यटन, शिक्षा, साहित्य आदि क्षेत्रको अध्ययनमा कमजोर विद्यार्थीलाई मात्रै सिफारिस गर्छौं । यही गलत अभ्यासका कारण अध्ययनपछि युवाहरू विदेश पलायन हुने क्रम बढेको मात्रै छैन, देशको विकासमा समेत असर गरेको छ । यस्तै गलत सन्दर्भ, प्राप्ताङ्क वा अरूको भनाइलाई आधार बनाउँदा विद्यार्थी स्वयंको इच्छा र त्यो इच्छालाई व्यवहारमा परिणत गराउने विषय वा सङ्काय छनोट हुन सकेको देखिँदैन । गहिरिएर परामर्श दिनुको सट्टा कलेजहरू समेत औपचारिकता उन्मुख मात्र देखिन्छन् ।

सङ्कायका हिसाबले राम्रो र नराम्रो विषयलाई छुट्ट्याउने गलत अभ्यासले अधिकांश विद्यार्थीमा असहजता पैदा गर्दै छ । हरेक सङ्कायबाट हुने उपलब्धिका बारेमा अपूर्ण बुझाइ मात्र देखिन्छ । विज्ञान सङ्काय पढेपछि डाक्टर वा इन्जिनियर भइन्छ, व्यवस्थापन सङ्काय पढ्ने भनेको व्यापार गर्नेले हो, मानविकी सङ्कायले प्रशासकीय सेवामा सजिलो हुन्छ, अथवा शिक्षा क्षेत्रबाट गए शिक्षक मात्रै भइन्छ भन्नेजस्ता धारणा अझै व्याप्त छन् । हावार्ड फिग्लर र रिचर्ड एन बोल्सको पुस्तक 'द करिअर काउन्सेलर्स ह्यान्डबुक्स'ह सोया जिची र आन बिडोउको 'करिअर म्याच' भन्ने पुस्तकमा विद्यार्थीको करिअर सम्भावनाबारे उल्लेख गरिएका छन् । ती सबै सम्भावनाको ज्ञात भए सङ्काय छनोट सहज र उत्पादक हुन्छ ।

**सहज छनोट**

उच्च शिक्षाको अध्ययन कुनै रिक्तता वा बेअर्थका लागि गरिँदैन । सबै अध्ययनार्थी भविष्यमा कुनै पेसामा संलग्न रहने, सफल बन्ने, भिन्न पहिचान खडा गर्ने अभिलाषामा रहन्छन् । तसर्थ एसईई परीक्षापछि उच्च शिक्षाका लागि तयार सबै विद्यार्थीमा आफ्नो लक्ष्यमा जाने प्रस्ट अवधारणाको ज्ञान हुनुपर्छ । राजधानीका केही उच्च शिक्षालयमा गरिएको नमुना परीक्षणमा विद्यार्थीले भविष्यमा आफू के हुने भन्ने तय गर्न नसकेको देखिन्छ ।

सीमित विद्यार्थी, जो लक्ष्य निर्दिष्ट भएको बताउँछन्, उनीहरूमध्ये थोरै मात्र कसरी आफूले अध्ययन गरेको विषयले लक्ष्यलाई समेट्न सक्छ भन्नेमा स्पष्ट छन् । विद्यार्थीले आफ्नो लक्ष्यलाई आधार बनाएर नभई अभिभावकको दबाब, सञ्चार माध्यमको प्रभाव, आफूले भ्रमण गरेका कलेजको भौतिक अवस्था, अध्ययन शुल्कको तुलनात्मक विश्लेषण, साथीभाइको भनाइ अथवा मिनाहा पाउन सकिने शुल्कका आधारमा मात्र विषय वा सङ्काय छनोट गर्ने प्रचलन त्याग्नुपर्छ । कलेजहरूले समेत पुस्तकालय र प्रयोगशालामा सम्झौता गर्दै केवल लिृट र स्विमिङ पुल बनाउने दौडमा रमाउने पद्धति छाड्नुपर्छ । सत्यता यो हो कि कुनै पनि विषय वा सङ्काय आफैँमा नराम्रा र राम्रा छैनन् । हरेक सङ्कायबाट मानिस उत्तिकै सफल बन्छ । समाजमा व्यवसायी, पेसाकर्मी, शिक्षक, कलाकार, चिकित्सक आदि सबै बराबरी सफल र प्रख्यात भएका उदाहरण प्रशस्तै छन् । विज्ञान पढेर नास्ट वा नासामा काम गर्ने वैज्ञानिक, व्यवस्थापन सङ्काय पढेर आएका सफल व्यापारी वा बैङ्कर, मानविकी वा शिक्षा पढेर सफल भएका प्रशासक वा प्राध्यापक, कानुनबाट आएका न्यायमूर्ति, साहित्यमा लागेर नोबेल पुरस्कार पाएका सर्जक, अनि आम सञ्चारबाट आएका सफल पत्रकार सबैको प्रतिष्ठा अपार र विराट् अनि बराबर छ । जुनसुकै पेसामा अद्वितीय नभए पनि उदाहरणीय बन्न सक्दा त्यो नै उच्चतम सफलता हुन्छ । तसर्थ, कुनै विषयलाई राम्रो अथवा नराम्रो भन्दा कसरी अध्ययन गर्ने अनि कसरी उच्च सफलता हात पार्ने भन्ने कुरा प्रधान हो ।

शारीरिक, मानसिक, मनोवैज्ञानिक हिसाबले विद्यार्थी कुनै विषयका लागि उपयुक्त र कुनैमा कम उपयुक्त हुन सक्छन् । गणितमा तगडा विद्यार्थीलाई विज्ञान र भाषामा तगडालाई मानविकी सहज हुन सक्छ । मनोविज्ञानका एक विख्यात दार्शनिक जोन होल्यान्डले गरेको मानवीय स्वभावको विभाजन, ब्यारटको 'थ्रीडी टेस्ट' र सट्किनको 'पर्सनालिटी टेस्ट'ले उनीहरूको व्यक्तिगत आचारण र त्यसका लागि उपयुक्त हुने सम्भावनाका बारेमा प्रस्ट्याउँछ । साथै विद्यार्थीको मनोवैज्ञानिक परीक्षा, क्षमता परीक्षा र 'प्यारामेट्रिक प्राग्म्याटिक' परीक्षाजस्ता कुराले उनीहरूको स्वभाव अनुसारको विषय र अवसर केलाउने मौका दिन्छ । प्याटिक मारलेभेडको 'चुज अ करिअर एन्ड डिसकभर योर पर्फेक्ट जब', भर्नर जी जन्करको 'करिअर काउन्सिलिङ: अ हलिस्टिक अप्रोच', नरमान सी स्टेजबर्गको 'करिअर कन्सल्टेन्सी: कन्टेस्ट, प्रोसेस र टेक्निक्स'जस्ता पुस्तक यो विषयमा सहजकर्ता हुन सक्छन् । तसर्थ उच्च अध्ययनमा जानुपहिले विद्यार्थीले प्रत्येक सङ्कायका उच्चतम सम्भावनाबारे जानकारी राख्ने, ती सम्भावनाबाट आफ्नो स्वभाव र सामर्थ्य मिल्ने एउटा लक्ष्य छनोट गर्ने, आफूले छनोट गरेको लक्ष्यमा नमुना व्यक्ति पत्ता लगाउने अनि मात्र लक्ष्यलाई सघाउने खास सङ्काय र विषय छनोट गर्नुपर्छ ।

विषय छनोट बुवाआमा, साथी वा अन्य कसैका लागि नभएर केवल आफ्नै इच्छा, रुचि, लक्ष्य र पेसागत आकर्षणका लागि हुनुपर्छ । तसर्थ, जानकार र बुज्रुकले कुनै विद्यार्थीलाई कुनै एक विषय वा सङ्कायका लागि बाध्य गर्नेभन्दा प्रत्येक विषयबाट सम्भव भएसम्म अधिकतम अलौकिक अनुपम उपलब्धि गर्नका लागि बाटो देखाइदिनुपर्छ । राम्रो वा नराम्रो विषय हुँदैन, आफूले राम्रो वा नराम्रो हिसाबले अध्ययन गर्ने कुराले आगामी भविष्यलाई पूर्णरूपमा नियन्त्रण गर्छ । ***-रातोपाटी डटकम***

# बुटवलमा दुध उत्पादन वृद्धि गर्न किसानलाई पाडी

**बुटवल,** असार १६/बुटवलमा दूध उत्पादन वृद्धि गर्न किसानलाई पाडी वितरण गरिएको छ । बुटवल उपमहानगरपालिकाले पशुपालक किसानलाई पाडी वितरण गरेको हो ।



उपमहानगरपालिकाले दुध प्रवर्द्धन कार्यक्रम अर्न्तगत किसानलाई भैसीका पाडी वितरण गरिएको जनाएको छ । उसले आइतबार एक औपचारिक कार्यक्रमकाबिच ५० प्रतिशत अनुदानमा वडा नं. १२, १५ र १६ मा ३३ वटा पाडी वितरण गरेको हो । नगर प्रमुख खेलराज पाण्डेयले बुटवललाई दुध उत्पादनमा सबल बनाउनका लागि भैसीका पाडी वितरण गरिएको बताए । वितरण गरिएका पाडीहरुको बीमा गरी किसानलाई उपलब्ध गराइएको पाण्डेयको भनाई छ । उनले भने 'बुटवललाई दुधमा आत्मनिर्भर बनाउन उत्पादनमा जोड दिन पशुपालक किसानलाई पाडी वितरण गरेका हौं ।' आइतबार ३३ वटा पाडी वितरण गरिएको र बाँकी सोमबार वितरण गरिने पशुपंक्षी विकास अधिकृत झविन्द्र बञ्जाडेले बताए । उनका अनुसार चालु वर्षमा ९० जना किसानले पाडी अनुदानका लागि सम्झौता गरेका छन् । बुटवलले यसअघि किसानलाई दुध र दुधजन्य पदार्थमा आत्मनिर्भर बनाउन सहयोगी मिल्क चिलिङ भ्याट खरिदमा ५० प्रतिशत अनुदान दिएको थियो ।

# संरक्षणको पर्खाइमा...

...लुम्बिनीका स्थानीय बौद्ध भिक्षु विवेकानन्दका अनुसार मौर्य सम्राट अशोकले आफ्नो आध्यात्मिक गुरु उपगुप्तको मार्ग दर्शनमा इपू २४९ मा, उनीपछि चिनियाँ यात्रीहरु त्सेग साई ( चौथो शताब्दी), फहियान (पाँचौं शताब्दी) र ह्वेन सांग (सातौं शताब्दी) यही पथबाट लुम्बिनी प्रवेश गरेको इतिहास छ ।

'सन् १३१२ मा कर्णाली क्षेत्रका राजा रिपु मल्ल पनि यही पथ हुँदै मायादेवी मन्दिर क्षेत्र प्रवेश गरेका थिए', उनले भने, 'अङ्ग्रेज भारतका पुरातात्विक सर्भेयर एलोइस फुहरर (सन् १८९६), पिसी मुखर्जी (सन् १८९९) र भारतीय पुरातत्वविद् श्रीमती देवला मित्राले सन् १९६२ मा लुम्बिनीको अन्वेषण गर्दा खुनगाई र पडरिया गाउँ हुँदै यसै पथबाट बुद्ध जन्मस्थल पुग्नुभएको थियो ।' लुम्बिनी सांस्कृतिक नगरपालिका-३ पडरिया गाउँस्थित मुख्य प्रवेशद्वारलाई बन्द गरी विकास कोषले संरक्षणमा ध्यान नदिँदा मायादेवी सुत्केरीपथ विस्मृतिको गतिमा जाने खतरा बढेको उनको भनाइ छ । बौद्ध भिक्षु विवेकानन्दले यो पथ भौतिक संरचना मात्र नभई धार्मिक तथा ऐतिहासिक धरोहर पनि भएकाले यसको प्रभावकारी व्यवस्थापन गरी पुन: सञ्चालन गरिनुपर्नेमा जोड दिए । लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दिन खाँले धार्मिक तथा सांस्कृतिक आस्थाको केन्द्र मानिएको मायादेवी सुत्केरीपथलाई सरोकार भएकाले संरक्षण र प्रवर्द्धनमा पहल गर्नुपर्नेमा जोड दिए । उक्त मार्ग प्रवेशमा रोक लगाएर बुद्ध जन्मस्थलको प्रचार-प्रसार, पर्यटन प्रवर्द्धन, संस्कृति र इतिहासलाई नै ओझेलमा पर्दै गएको उनले बताए । 'लुम्बिनी विकास कोषले उक्त पथअन्तर्गत पडरिया गाउँस्थित मुख्य प्रवेशद्वारलाई सर्वसाधारणका साथै धार्मिक यात्रुका लागि खुला राख्नुपर्छ', संयोजक खाँले भने, 'यसले पर्यटन प्रवर्द्धन, प्रचारप्रसार हुनाका साथै स्थानीयको आयस्तरमा वृद्धि हुनेछ ।' सुत्केरी पथको संरक्षण र प्रवर्द्धनका लागि संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लुम्बिनी विकास कोषले विशेष योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए । संयोजक खाँले भने, 'स्थानीयको सहभागिता र सहकार्यबिना संरक्षण कार्यक्रम सफल हुन सक्दैन । तसर्थ, उनीहरूको प्रत्यक्ष सहभागितामा आधारित योजना बनाएर आवश्यक बजेट विनियोजन गरी संरक्षण र प्रचारप्रसारको पहल गर्नु जरुरी छ ।' बुद्ध जन्मस्थल लुम्बिनीको गौरव र महिमालाई ध्यानमा राख्दै, सरोकार भएकासँगको सहकार्यमा यो पथको संरक्षण तथा प्रवर्द्धन हुनुपर्ने लुम्बिनी बौद्ध विश्वविद्यालयका सहायक प्राध्यापक गजेन्द्र गुप्ताले बताए । 'धार्मिक पर्यटकका लागि आकर्षणको केन्द्र बनाउन विभिन्न पर्यटकीय सुविधासहित यसको व्यवस्थापन हुनुपर्छ', उनले भने, 'यसले स्थानीयको अर्थतन्त्रलाई टेवा पुऱ्याउनाका साथै धार्मिक पर्यटकीय सम्भावनालाई वृद्धि गर्नेछ ।' ऐतिहासिक दस्तावेज र प्रमाणित तथ्यहरूका आधारमा मायादेवी सुत्केरीपथका बारेमा थप अनुसन्धान गर्दै यसको महत्वलाई व्यापक बनाउनुपर्नेमा प्राध्यापक गुप्ताले जोड दिए ।

'यो पथले लुम्बिनीको महत्वलाई अझ् गहिरो बनाउँछ । यसको संरक्षणबाट इतिहास मात्रको संरक्षण नभई विश्वभरका बौद्ध धर्मावलम्बीलाई पनि पवित्र सुत्केरी मार्गको महत्वबारे जानकारी गराउन सक्छौं ।' तथागत (बुद्धको एक नाम)ले गृह त्याग गर्दा यही पथको प्रयोग गरी पवित्र अनोमाघाट (अहिलेको लुम्बिनी सांस्कृतिक नगरपालिका-१२ स्थित अजमाघाट)बाट दानव नदी पार गर्दै मावली नगर देवदह र मधगको राजगृह (राजगीर) नगर हुँदै बोधगयासम्म पुग्नुभएको सहायक प्राध्यापक गुप्ताको दाबी छ । लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बताए । 'हामीले कोष क्षेत्रस्थित मायादेवी सुत्केरीपथलाई व्यवस्थापन गर्न विभिन्न योजना बनाएका छौं । यो पथ ऐतिहासिक र धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ, त्यसैले यसको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिएका छौं । यसलाई पर्यावरणीय र पर्यटकीय दृष्टिकोणले पनि संरक्षित राख्ने प्रयास गरिरहेका छौं ' उनले भने । उक्त मार्गको पडरियाबाट मायादेवी मन्दिर खण्डलाई व्यवस्थित गरी आवश्यक पूर्वाधार निर्माण गर्न स्थानीयसँगको समन्वय र सहकार्यमा विकास योजना तयार पारिरहेको उनले जानकारी दिए । 'योजनाको खाका तयार गरिरहेका छौं । तीनै तहका सरकारसँग छलफल गरी आवश्यक बजेटको प्रस्ताव गरेका छौं', सदस्यसचिव शाक्यले भने, 'आकर्षक शैलीमा यो पथलाई पुन: निर्माण गर्ने, चारैतिर हरियाली बढाउने, बिरुवा रोप्ने, नियमित सरसफाइ गर्ने, पर्यटकलाई यसको महत्व बुझाउन ठाउँठाउँमा जानकारीमूलक सूचनापाटी राख्नेलगायत काम गर्ने योजना छ ।'


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**


## खेलकुद समाचार

### टी-२० विश्वकप क्रिकेटको उपाधि भारतलाई



**काठमाण्डौ,** असार १६/भारतले आईसीसी टी-२० विश्वकप क्रिकेट सन् २०२४ को उपाधि जितेको छ । फाइनलमा दक्षिण अफ्रिकालाई सात रनले हराउँदै भारतले दोस्रोपटक उपाधि जितेको हो । भारतले यसअघि सन् २००७ मा पहिलो पटक टी-२० विश्वकपको उपाधि जितेको थियो ।

भारतले दिएको एक सय ७७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले २० ओभरमा आठ विकेट गुमाएर एक सय ६९ रन बनायो । दक्षिण अफ्रिका हेनरिक क्लासेनले सर्वाधिक ५२ रन बनाए । भारतका हार्दिक पाण्ड्याले सर्वाधिक तीन विकेट लिए । त्यसअघि बार्बाडोसमा टस जितेर पहिला ब्याटिङ रोजेको भारतले २० ओभरमा सात विकेट गुमाएर एक सय ७६ रन बनाएको थियो । ओपनर विराट कोहलीलेसर्वाधिक ७६ रन बनाए ।

दक्षिण अफ्रिकाका केशव महराजा र एनरिर्च नोर्ट्जेले दुई-दुई विकेट लिए । सेमिफाइनलमा दक्षिण अफ्रिकाले अफगानिस्तानलाई नौ विकेट र भारतले इंग्ल्यान्डलाई ६८ रनले हराउँदै फाइनलमा पुगेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से १४ दशमलव ८३ अंकले घट्यो



**पाल्पा**, असार १६/साताको पहिलो कारोबार दिन नेप्से परिसूचक दोहोरो अंकले घटेर बन्द भएको छ । आइतबार नेप्से परिसूचक १४ दशमलव ८३ अंकले घटेरर बन्द भएको हो ।

नेप्से घटेसँगै २ हजार ३७ दशमलव ९ विन्दुमा अडिएको छ । सेन्सेटिभ इण्डेक्स ०.६७ प्रतिशतले घटेर २.४२ विन्दुमा कायम भएको छ । यसदिन ३ सय २० स्क्रिप्सको ९१ लाख ७८ हजार ८ सय ९५ कित्ता सेयर ३ अर्ब ६० करोड ७१ लाख ९८ हजार ४ सय ७ रुपैयाँमा खरिदबिक्री भए । दोहोरो अंकले ओरालो लागेको बजारमा कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन ।

कारोबारमा वित्त समूह शून्य दशमलव ३४ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०३ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ७०, विकास बैङ्क शून्य दशमलव ८०, होटल तथा पर्यटन शून्य दशमलव ४०, जलविद्युत् एक दशमलव ०६ र लगानी समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ । त्यसैगरी, जीवन बीमा समूह शून्य दशमलव ४५, लघुवित्त एक दशमलव ३७, म्युचुअल फन्ड शून्य दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २८, व्यापार शून्य दशमलव ३१ र अन्य समूह शून्य दशमलव ९५ प्रतिशतले घटेको छ । सो अवधिमा सबैभन्दा धेरै मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ७६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ३० प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको १२ करोड ८८ लाख ७४ हजार एक सय ५४ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको दुई लाख २९ हजार दुई सय १० कित्ता शेयर किनबेच भएको छ ।


## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

***वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा :***

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

*त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**



## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४६०६८०५२






हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई